"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहर: सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय ... नगरपालिका"

प.सं.

च.नं.

## हाटबजार बैठकीकर उठाउने ठेक्काको दरभाउपत्र आह्वान सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०३/०५

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को परिच्छेद १२ बमोजिम आ.व.२०८२/०८३ का लागि देहायका हाटबजारहरुको ठेक्का प्रकृयाबाट आय वन्दोवस्ति गर्नुपर्ने भएको हुँदा देहायको शर्तको अधिनमा रही कार्य गर्न ईच्छुक फर्महरुबाट सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**शर्तहरु**

१ निवेदन साथ एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको आन्तरिक आय खाता नं.1052055499599012 मा रु.१०००।- (फिर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर वा रसिद, फर्म ( नविकरण गर्नुपर्ने भए नविकरण भएको) दर्ताको प्रमाणपत्र, आ.व.०८०/०८१ को आयकर चुक्ता प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय सम्म यस कार्यालयको राजस्व शाखाबाट दरभाउपत्र फाराम लिन गर्न सकिनेछ ।

२ न्युनतम अंक देहाय बमोजिम रहेको छ । उक्त अंकमा मू.अ.कर समावेस गरिएको छैन । दरभाउपत्र पेश गर्दा आँफुले बुझाउन कबोल रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

| ठेक्का नं. | बैठकीकर उठाउने हाटबजार | न्युनतम अंक (मू.अ. कर बाहेक) रु. | धरौटी रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| आय-०५।२०८२।०८३ | गणेशपुर (आईतबार, बिहीबार) | १४,८३,०००।०० | मू.अ.कर सहितको कबोल रकमको ५ प्रतिशतले हुने रकम | १०००।०० |
| आय-०६।२०८२।०८३ | सेमरा (सोमबार, विहीवार) | १५,२६,६००।०० | | |
| आय-०७।२०८२।०८३ | भलवारी (बुधवार) | १५,३१,०००।०० | | |

३ सिलबन्दी दरभाउ पत्रसाथ आँफुले कबोल गरेको अंकमा मू.अ.कर जोडी हुन आउने रकमको ५% ले हुने धरौटी रकम यस कार्यालयको एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं.A5CA549959952403 मा जम्मा गरेको सक्कलै भौचर वा ७५ दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।

४ पत्रिकामा सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२.०० बजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराईसक्नु पर्नेछ । सोही दिनको २.०० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा प्रतिनिधिको रोहवरमा दरभाउपत्र खोलिने छ । प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न वाधा पर्नेछैन ।

५ दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट दर्ता गर्न सकिनेछ । कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

६ आँफुले कबोल रकम ठेक्का सम्झौताका बखत एकमुष्ठ रुपमा बुझाएमा १०% छुट दिन दिईनेछ । यस्तो छुट दिँदा दाखिला गर्ने रकम न्युनतम अंक भन्दा घटी हुनेगरि दिईनेछैन । कबोल रकम किस्ताको रुपमा बुझाउन चाहेमा ५०% ले हुन आउने रकम ठेक्का सम्झौताका बखत र बांकी रकम २०८२ साल पौष

मसान्त भित्र बुझाउनु पर्नेछ । बांकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको ०८२ माघ मसान्त सम्म म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ ।

७ न्युनतम अंकमा मू.अ.कर र अन्य करहरु समावेश गरिएको छैन । ठेक्का लिने पक्षले ठेक्का सम्झौताका बखत कबोल अंकको १.५%ले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रुपमा र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर वापतको रकम आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ ।

८ ठेक्का अवधि २०८३ आषाढ मसान्त सम्म हुनेछ । तर सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

९ बन्द, हडताल जस्ता कारण जनाई कुनै प्रकारका छुट वा मिनाहा दावी गर्न पाईने छैन । तर काबु बाहिरको परिस्थिति परि राजस्व असुली हुन नसकेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१० हाटबजार बैठकी करको दररेट दरभाउपत्र साथ उपलब्ध गराईनेछ । कर संकलन गर्दा उक्त दरमा १३%ले थप गरि संकलन गर्नुपर्नेछ ।

११ तिलोत्तमा नगरपालिका खुला पोलिथिन मुक्त नगरपालिका घोषणा भईसकेको हुँदा हाटबजारमा पनि पोलिथिन झोला प्रयोग गर्न पाईनेछैन । साथै हाटबजारका हरेक बिक्रेताले आफ्नो फोहर आफ्नै झोला वा बोरामा संकलन गरि बैठकी सफा राख्नुपर्नेछ । यसरी संकलन भएको फोहरमैलाको उचित व्यवस्थापन ठेकेदार स्यमंले गर्नुपर्नेछ ।

१२ हाटबजारमा रहेको खानेपानीको महशुल, मर्मत तथा व्यवस्थापन र फोहरमैला व्यवस्थापन ठेकेदार आफैले गर्नुपर्नेछ । नगरी खानेपानी लाईन काटिएमा पुनः जडान खर्च, हर्जाना सहितको महशुल वा अन्य तवरले फोहरमैला व्यवस्थापन गर्दा लागेको खर्च ठेकेदारबाट असुल गरिनेछ । असुल हुन नसकेमा निजको धरौटीबाट कट्टा गरिनेछ ।

१३ हाटबजारमा रहेको विद्युतको सामान्य मर्मत खर्च र बढिमा २५ वाट सम्मको एक थान सि.एफ.एल/एल.इ.डि वल्वको महशुल भुक्तानी ठेकेदार आफैले गर्नुपर्नेछ । व्यवसायीले थप विद्युत उपभोग गर्न परेमा थप महशुल ठेकेदारलाई बुझाउनु पर्नेछ । व्यवसायीबाट महशुल असुल गरी समयमा विद्युत महशुल नबुझाई विद्युत लाईन काटिएमा पुनः जडान गर्दा लाग्ने खर्च र हर्जाना सहितको महशुल ठेकेदारबाट असुल गरिनेछ । असुल हुन नसकेमा निजको धरौटीबाट कट्टा गरिनेछ ।

१४ हाटबजार ठेक्कामा पार्किङ्ग शुल्क उठाउने कार्य समावेस नभएका हुँदा यी ठेक्का लिएकै आधारमा पार्किङ्ग शुल्क उठाउन पाईने छैन ।

१५ बोलपत्रदाताले बैठकी करको दररेटको होडिङबोर्ड तयार गरी सबैले देख्नेगरी हाटबजारमा राख्नुपर्नेछ ।

१६ यस सूचनामा उल्लेख हुन छुट भएको कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत